का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ माघ २०८२
शनिबार
7 February 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २४, अंक १६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## रास्वपाको मधेस 'कार्ड'

# निशानामा बालेन

रास्वपाले बालेन शाहलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेपछि मधेसको राजनीतिमा नयाँ तरंग देखिएको छ। भोट काटिने डरले मधेसकेन्द्रित दलहरूले उनलाई मुख्य निशानामा राख्दै मधेसविरोधी पात्रका रूपमा आलोचना तीव्र पारेका छन्। चुनाव नजिकिँदै जाँदा मधेसमा बालेनको लोकप्रियताको ज्वरो केही मत्थर हुँदै गए पनि प्रतिनिधित्व र प्रभावको चर्चा भने बढेको छ।

**जनक नेपाल/मध्यान्ह**
काठमाडौं, २३ माघ

दुई दशकदेखि मधेस राजनीतिमा पकड जमाएका मधेसकेन्द्रित दल र नेताहरूको चुनावी निशानामा अघिल्ला चुनावसम्म कांग्रेस, एमाले र तत्कालीन माओवादी केन्द्र थिए। यसपटक भने रास्वपा र उसले भावी प्रधानमन्त्रीका रूपमा अघि सारेका वरिष्ठ नेता बालेन शाहविरुद्ध खनिएका छन्।

बालेन चुनाव लड्न पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली लड्दै आएको झापा-५ बाट उठेका छन्। उनको चर्चा झापामा जति छ, मधेस प्रदेशमा त्योभन्दा कम छैन। बालेन क्रेजले मधेसमा कांग्रेस, एमाले र नेकपाभन्दा धेरै मधेस केन्द्रित दल सशंकित छन्। सोही कारण उनीहरूको निशानामा बालेन परेका छन्। जसपा अध्यक्ष उपेन्द्र यादव हुन् वा जनमत पार्टीका अध्यक्ष सिके राउत, अथवा आमजनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहका चुनावी सभामा बालेनको आलोचना छुटाउँदैनन्।

रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन शाहले जनकपुरमा चुनावी अभियान सुरु गर्दासम्म मधेसमा बालेनको खासै चर्चा थिएन। मधेसकेन्द्रित दलहरूले चासोका साथ हेरेका त थिए, रास्वपाको बालेन 'कार्ड'को प्रभाव पत्याएका थिएनन्। मधेसी समुदायबाट पहिलो प्रधानमन्त्री बनाउने नारासहित जनकपुरदेखि लाहानसम्म पुग्दा मधेसमा बालेनले ठुलै चर्चा पाइसकेका थिए। पहिलो मधेसी प्रधानमन्त्रीको नारा 'अब कि बार बालेन सरकार' लाग्न थालेपछि मधेसकेन्द्रित नेताहरू बालेन मधेशीविरोधी भएको भाषण गरिरहेका छन्।

पूर्वमन्त्री प्रभु साहले बालेनमाथि मधेशका श्रमिक, फुटपाथ व्यवसायी र निमुखा समुदायलाई पृष्ठ २ मा



नयाँप्रति जुन आकर्षण थियो, चुनावमा त्यस्तो अनुहार देखिएन। त्यसैले चुनावी लहरको ज्वरो घट्दै छ। उम्मेदवारहरू बालेनलाई निर्वाचन क्षेत्रमा बोलाउन थालेका छन्।

**चन्द्रकिशोर**
**राजनीतिक विश्लेषक**





# मतदाता झुक्याउने दुष्प्रचारको बाढी





सामाजिक सञ्जालमा दुष्प्रचार, घृणास्पद अभिव्यक्ति, अपव्याख्या, डिप फेक, झुटो साइट वा एकाउन्ट, निन्दा वा मानहानीलगायत विषयमाथि अनुगमन गरी कानुनबमोजिम दण्डित गरिनेछ।

**नारायणप्रसाद भट्टराई**
**प्रवक्ता, निर्वाचन आयोग**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २३ माघ

- केही दिनयता नेपाली कांग्रेसका सभापति गगन थापाले 'कांग्रेस गरिब र सुकुम्बासीको पार्टी होइन, कांग्रेस हुने खानेको पार्टी हो..' भन्दै गरेको एउटा भिडियो सामाजिक सञ्जालमा भाइरल बन्यो। थापाले बोलेको सो पनि पुरानो भिडियोको अंशलाई तोडमरोड गरेर अर्थ बंग्याई भ्रम फैलाएको पाइएको छ। उनले चार वर्षअघि पार्टीका कार्यकर्ता भेलामा भनेका प्रसंगलाई यहाँ जोडिएको हो। त्यसबेला उनले भनेका थिए 'मैले कुनै दिन नेतृत्व गर्न पाएँ भने, म नेपाली कांग्रेस पार्टीलाई गरिबको पार्टी, सुकुम्बासीको पार्टी भन्ने परिचय नेपाली कांग्रेस पार्टीको राख्दिनँ।' सोही कुरालाई रास्वपानिकट व्यक्ति तथा पेजहरूले तोडमोड गरेर भाइरल बनाएको फ्याक्टचेकबाट पत्ता लागेको छ।

- झापाको कमल गाउँपालिकास्थित रास्वपा उम्मेदवार बालेन्द्र शाहको सम्पर्क कार्यालयमा बुधबार ठुलो क्षति पुगेको भन्दै 'आर्टिफिसियल इन्टेलिजेन्स' प्रयोग गरी सामाजिक सञ्जालमा भ्रम फैलाइयो। झापा-५ स्थित शाहको सम्पर्क कार्यालय रहेको घरमा माघ २१ गते राति कसैले ढुंगा हानेको थियो। सो घटनामा घरधनी बस्ने कोठाको झ्यालको एउटा सिसा मात्र फुटेको प्रशासनले बताएको छ। तर सो घटनालाई लिएर एआई प्रविधिको दुरुपयोग गर्दै कार्यालय नै ध्वस्त भएको जस्तो देखिने तस्बिर बनाएर रास्वपा समर्थकहरूले सामाजिक सञ्जालमा भाइरल गरिएका छन्। यो विषयमा प्रशासनले कानुनी कारबाही अघि बढाएको जनाएको छ।

- 'झापामा ओलीको कार्यक्रममा घण्टीको नारा' लेखेर बुधबार सामाजिक सञ्जालमा भाइरल बन्यो। आसन्न प्रतिनिधि सभा चुनावका लागि मनोनयन दर्ता गर्न पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली झापा पुग्दा उनलाई स्वागत गर्न नेता तथा कार्यकर्ता चुच्चे नक्सासहित भद्रपुरको चन्द्रगढी विमानस्थल पुगेका थिए। नजिकै रास्वपाको कार्यक्रममा लागेको नालाको अडियो सम्पादन गरेर ओलीसमर्थकको भिडियो हालेर मतदातामा भ्रम फैलाइयो।

- माघ २१ मा केही पेज र व्यक्तिहरूले राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष डा. स्वर्णिम वाग्लेको पृष्ठ २ मा

# चुनावको मुखैमा सुनिताको सक्रियता

जेनजी आन्दोलनपछि तत्कालीन सत्तासीन दल नेपाली कांग्रेस र नेकपा एमालेप्रति नयाँ पुस्ताको आकर्षण कम भइरहेका बेला युवा नेता डंगोलमार्फत एमालेले जनमत बढाउने रणनीति बनाएको चर्चासमेत हुने गरेको छ।

**सपना बोहरा/मध्यान्ह**
माघ, २३ काठमाडौं



मेयर बालेन्द्र शाह (बालेन)को राजीनामापछि काठमाडौं महानगरमा कार्यवाहक मेयर सुनिता डंगोलको सक्रियता एकाएक बढेको छ। प्रतिनिधि सभा चुनावका लागि उम्मेदवारहरूको घरदैलो र डंगोलको सक्रियता एकैसाथ देखिँदा आशंका पनि उब्जाएको छ। नेकपा (एमाले)को ११औं महाधिवेशनबाट लोकप्रिय मतका साथ केन्द्रीय सदस्य निर्वाचित डंगोल महानगरका कामसँगै मतदातामाझ पुगिरहेक छिन्।

फागुन २१ को चुनावका लागि निर्वाचन आयोगले आचारसंहिता लागू गरिसकेको छ। काठमाडौं महानगरपालिकाले यहीबेला धमाधम कार्यक्रम लिएर टोलबस्ती छिरेको छ। कार्यवाहक मेयर डंगोलले माघ १८ गते ज्येष्ठ नागरिकका लागि घरघरै आधारभूत पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# डलरको तुलनामा रिंगेट बलियो

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, २३ माघ

अमेरिकी डलरको तुलनामा मलेसियाली मुद्रा रिंगेट बलियो बनेपछि त्यसको उचाइ कहाँसम्म पुग्ला भन्ने कौतुहलता बढेको छ। गत वर्ष मलेसियाली रिंगेट अमेरिकी डलरको तुलनामा एसियाको सबैभन्दा बलियो मुद्राको हैसियतमा उक्लिएको थियो। अहिले मलेसियाको अर्थतन्त्रले राम्रो प्रदर्शन गरिरहेकाले रिंगेट थप बलियो हुने सम्भावना पृष्ठ २ मा

## अस्ट्रेलिया र स्लोभाकिया पठाउने भन्दै ठग्ने दुई पक्राउ

**काठमाडौं/मस-** रोजगारीका लागि अस्ट्रेलिया र स्लोभाकिया पठाउने भन्दै १७ लाख ५० हजार रुपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ। पक्राउ पर्नेमा काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-३ बस्ने पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

२४ माघ २०८२ शनिबार
7 February 2026 Saturday

# सुरक्षा व्यवस्था चुस्त बनाउन गृहमन्त्रीको निर्देशन

**काठमाडौं/मस-** गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचनको सुरक्षा व्यवस्था चुस्त राख्न सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिएका छन् ।

गृह मन्त्रालयमा गृहमन्त्रीको अध्यक्षतामा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा मन्त्री अर्यालले सुरक्षाको मामलामा कुनै कमजोरी हुन नदिन 'हाइअलर्ट'मा रही काम गर्न मन्त्रालय मातहतका सुरक्षा निकायलाई निर्देशन दिएका हुन् ।

बैठकले निर्वाचन तयारी सम्बन्धमा विगतका बैठकले गरेको निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गरी निर्वाचन नजिकिँदै गर्दा आउन सक्ने थप सुरक्षा चुनौतीहरूलाई चिर्न अवलम्बन गरिनुपर्ने रणनीतिबारे समेत मार्गनिर्देश तय गरेको छ ।

गृह मन्त्रालय र रक्षा मन्त्रालयका सचिव तथा चारवटै सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि रहने केन्द्रीय सुरक्षा समितिको बैठकले निर्वाचनलाई लक्षित गरी कार्यान्वयनमा रहेको एकीकृत निर्वाचन सुरक्षा योजना-२०८२ बमोजिम जिम्मेवार निकायहरूले सम्पादन गरिरहेका कार्यहरू, जनशक्ति परिचालन तथा बन्दोबस्तीको योजनाका बारेमा समीक्षा गरेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए ।

बैठकले सामाजिक सञ्जालको दुरुपयोग रोक्न नेपाल प्रहरीले सञ्चालनमा ल्याएको अत्याधुनिक युनिटलाई थप प्रभावकारी



बनाउने, निर्वाचनविरोधी गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याई कारबाही गर्ने, निर्वाचनमा ड्रोनको प्रयोग गर्न प्रतिबन्ध लगाउने निर्णय पनि गरेको छ ।

यस्तै, निर्वाचनमा खटिएका सुरक्षाकर्मी र निर्वाचन प्रहरीको बिमा गर्ने, सञ्चार सम्पर्क नहुने मतदानस्थलको पहिचान गरी आवश्यक व्यवस्था गर्ने, निर्वाचन आचारसंहिताको उल्लंघन हुनेगरी मिथ्या/भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानी गर्नेलगायतका निर्णय गरेको प्रवक्ता काफ्लेले जानकारी दिए ।

**निर्वाचनको ४८ घण्टाअगावै सीमानाका बन्द गरिने**

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाल-भारत सीमानाका ४८ घण्टाअगावै बन्द गरिने भएको छ ।

मोरङको विराटनगरमा सम्पन्न सशस्त्र प्रहरी बल नेपाल र भारत सशस्त्र सीमा बलबीचको १६औं डिआइजीस्तरीय समन्वय बैठकले सो निर्णय गरेको सशस्त्र प्रहरीका प्रवक्ता विष्णुप्रसाद भट्टले जानकारी दिए ।

बैठकमा सीमा सुरक्षा, सूचनाको आदान-प्रदान, तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश नियन्त्रण, मानव बेचबिखन, नक्कली मुद्रा, हातहतियार तथा लागुऔषध ओसारपसार नियन्त्रणलगायत विषयमा छलफल भएको थियो ।

समन्वय बैठकमा सीमास्तम्भको संरक्षण, यात्रु सहजीकरण, संयुक्त गस्ती, विपद् उद्धार अभ्यास तथा आपसी खेलकुद गतिविधि सञ्चालन गर्ने विषयमा समेत दुवै पक्षबीच छलफल भएको सशस्त्र प्रहरीले जनाएको छ ।

सीमाक्षेत्रका सम्भावित नाकाहरू पहिचान गरी त्यसबाट हुनसक्ने खतरा मूल्यांकन गर्ने, शरणार्थी र आप्रवासीहरूको गतिविधिउपर निगरानी राख्ने, विभिन्न तह बनाई नियमित चेकजाँच गर्न दुवै पक्षबीच सहमति भएको छ ।

बैठकमा आपराधिक तत्वहरूबाट हुनसक्ने घुसपैठ कडाइका साथ नियन्त्रण गर्ने, सीमाक्षेत्रमा मादक पदार्थ विक्री वितरण र सेवनमा पूर्णतः बन्देज गर्नेलगायत विषयहरूमा समेत छलफल भएको सशस्त्र प्रहरीले जनाएको छ ।

बैठकमा सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी मुख्यालय सुनसरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेले सीमा केवल दुई देशबीचको रेखा नभई मित्रताको प्रतीक भएको उल्लेख गरे ।

समकक्षी भारतीय सशस्त्र सीमा बलका डिआइजी सरोजकुमार ठाकुरले नेपाल-भारत सीमाक्षेत्रलाई आगामी दिनमा अझ मजबुत र बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे ।

बैठकमा सशस्त्र प्रहरी नायब महानिरीक्षकहरू अन्जनीकुमार पोखेल, दिपेन्द्र शाह, कृष्ण ढकाल र मनिष थापा तथा भारतीय एसएसबीको तर्फबाट डिआइजी सरोजकुमार थाकुर, मन्जीत सिंह, सुरेश सुब्रमनिम, राजेश टिक्कु र मनिष कुमारको समेत उपस्थिति थियो ।

समानुपातिक बन्दसूची

# युवामा महिला र पुरुषमा प्रौढ उम्मेदवार बढी

**काठमाडौं/मस-**आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन, समानुपातिकतर्फको बन्द सूचीमा २५ देखि ८० वर्षभन्दा माथि उमेरका उम्मेदवार पनि समावेश भएका छन् । निर्वाचन आयोगको बन्द सूचीमा समाविष्ट विवरणअनुसार युवामा महिला उम्मेदवार र प्रौढमा तुलनात्मक रूपमा पुरुष उम्मेदवार बढी रहेको देखिएको छ ।



आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार बन्द सूचीमा कूल तीन हजार १ सय ३५ उम्मेदवार रहेकामा महिला एक हजार ७ सय ७२ र पुरुष एक हजार ३ सय ६३ छन् । त्यसमा २५ देखि २९ उमेर समूहका महिला १ सय १७ र पुरुष ५१ गरी १ सय ६८, ३० देखि ४० उमेर समूहका २०१ महिला र ८४ पुरुष गरी २ सय ८५, ३५ देखि ३९ उमेर समूहका २ सय ६८ महिला र १ सय ३३ पुरुष गरी ४ सय १, ४० देखि ४४ उमेर समूहका ३ सय ४१ महिला र १ सय ९४ पुरुष गरी ५ सय ३५ जना उम्मेदवार छन् ।

यसैगरी ४५ देखि ४९ उमेर समूहका महिला २ सय ९४ र पुरुष १ सय ६२ गरी ४ सय ५६, ५० देखि ५४ उमेर समूहका २२० महिला र १ सय ६६ पुरुष गरी ३ सय ८६, ५५ देखि ५९ उमेर समूहका १ सय ५५ महिला र २०० पुरुष गरी ३ सय ५५, ६० देखि ६४ उमेर समूहका १ सय ३ महिला र १ सय ५८ पुरुष गरी २ सय ६१, ६५ देखि ६९ उमेर समूहका ४४ महिला र ११४ पुरुष गरी १५८, ७० देखि ७४ उमेर समूहका १९ महिला र ६७ पुरुष गरी ८६, ७५ देखि ७९ उमेर समूहका महिला नौ र पुरुष २३ गरी ३२ तथा ८० वर्ष माथिका एक महिला र ११ पुरुष गरी १२ उम्मेदवार बन्द सूचीमा समावेश छन् ।

समावेशी समूहका आधारमा आदिवासी जनजातितर्फ ९ सय ११, खसआर्यतर्फ ९ सय ४६, दलित तर्फ ४ सय २५, थारुतर्फ २ सय ३, मधेसीतर्फ ५ सय २, मुस्लिमतर्फ १ सय ४८ जना उम्मेदवार समावेश छन् ।

आयोगमा गत पुस १३ र १४ गते ६४ राजनीतिक दलले बन्द सूची पेस गरेका थिए । तीमध्ये २२ दलले मात्रै १ सय १० वटै स्थानमा उम्मेदवारी मनोनयन गरेका थिए । प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालयमा राजनीतिक दलहरूबाट पेस भएका उम्मेदवारको बन्द सूचीमाथि परेका उजुरीका आधारमा आयोगले ७६ जना उम्मेदवारको नाम बन्द सूचीबाट हटाउने निर्णय गरेको थियो ।

ती उम्मेदवारमध्ये कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका २१, प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूचीमा नाम कायम रहेका २५, आयोगबाट तोकिएको जरिवाना भुक्तान नगरेका १०, २५ वर्ष उमेर पूरा नभएका चार, मतदाता नामावलीमा नाम समावेश नभएका एक, मतदाता नामावली पिछडिएका क्षेत्रमा नरहेका दुई, महिला उम्मेदवार पेस हुनुपर्नेमा पुरुष उम्मेदवार पेस भएका एक, नाम हटाउन भनी सम्बन्धित राजनीतिक दलबाट लेखिआएका १० र अन्य कारण भएका दुई जना उम्मेदवारको नाम सूचीबाट हटाइएको आयोगले जनाएको छ ।

# डा. कर्मा वाङ्छु शेर्पा सम्मानित

**काठमाडौं/मस-** डा.कर्मा वाङ्छु शेर्पालाई काठमाडौंमा सम्मान गरिएको छ ।



संयुक्त राज्य अमेरिकास्थित विलमिङटन मेट्रोपोलिटन विश्वविद्यालयबाट प्रदान गरिएको सम्मानार्थ विद्यावारिधि उपाधि प्राप्त गरेका उनलाई काठमाडौंमा विशेष कार्यक्रमकाबीच सम्मान गरिएको हो ।

कुलुङ शेर्वी किदुगको आयोजनामा सम्पन्न कार्यक्रममा पूर्वमन्त्री आङ छिरिङ शेर्पा प्रमुख अतिथि थिए ।

कार्यक्रममा डा.शेर्पाको शैक्षिक उपलब्धि, सामाजिक योगदान तथा अन्तर्राष्ट्रिय स्तरमा नेपाली समाजको पहिचान प्रवर्धन गर्न पुर्‍याएको योगदानको उच्च कदर गरिएको आयोजक संस्थाले जनाएको छ ।

कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधि, बुद्धिजीवी, समाजसेवी तथा विशिष्ट व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । वक्ताहरूले डा.शेर्पालाई प्राप्त सम्मानले नेपाली समुदायको गरिमा अन्तर्राष्ट्रिय स्तरमा थप उचाइमा पुगेको उल्लेख गर्दै उनको योगदान प्रेरणादायी रहेको बताएका छन् ।

सम्मान ग्रहणपछि डा. शेर्पाले यस सम्मानलाई व्यक्तिगत उपलब्धिभन्दा पनि सम्पूर्ण नेपाली समाज तथा शेर्पा समुदायको साझा उपलब्धिका रूपमा लिएको प्रतिक्रिया दिएका थिए ।

## निशानामा...

काठमाडौंबाट लखेटेको आरोप लगाइरहेका छन् । काठमाडौंको मेयर हुँदा तरकारी तथा फलफूल बेच्नेहरूको साइकल खोस्ने, कवाडी व्यवसायीलाई उठीबास लगाउने र फुटपाथमा व्यवसाय गर्न खोज्ने गरिबलाई खेद्ने काम कसले गर्‍यो ?' उनले पार्टीका चुनावी सभामा निरन्तर भनिरहेका छन् ।

उखु किसान चिसोमा खाली खुट्टा माइतीघर मण्डलामा आन्दोलन गर्न आउँदा बालेनले भेट नदिएकोदेखि मिटरब्याज पीडितहरूलाईखुलामञ्चनदिएकोसम्म आरोप उनको छ । 'छठ पर्वका लागि काठमाडौंमा घाट बनाउन नदिने व्यक्तिले चुनाव जित्न 'म मधेशको छोरा हुँ' भन्ने भाषण गर्न सुहाउँदैन' साहले भने, 'बालेन जेनजी आन्दोलन हाइज्याक गर्ने पात्र हुन् । उनले जनताको सेवा गर्छु भन्नु आफैंमा अपत्यारिलो छ ।'

जनमत पार्टीका अध्यक्ष सिके राउतले एक कदमअघि बढेर बालेनले मेयर हुँदा हिटलरका नाजी प्रहरीले झैं मधेसीलाई व्यवहार गरेको आरोप लगाएका छन् । 'काठमाडौंबाट लाखौं मधेशीलाई कुट्दै, लछारपछार गर्दै भगाउनेलाई मधेशले चिन्ने नै छ,' उनले भनेका छन्, 'मधेशी शहीदको तस्बिर झुन्डिएको मधेश प्रदेश सभा जलाए । मधेशी शहीदको तस्बिर झुन्डिएका पार्टी कार्यालय जलाए । प्रदेश खारेजीका लागि प्रदेशको भोटसमेत हालेनन्, उम्मेदवार उठाएनन्, यस्ता संघीयताविरोधी, पहिचानविरोधी, मधेशविरोधी तत्वको भ्रम दुई महिनामै तोडिनेछ ।'

जसपा अध्यक्ष उपेन्द्र यादवले बालेनलाई फेसबुके प्रधानमन्त्री भन्दै व्यंग्य कसे । 'उहिले माओवादीले प्रचण्डलाई राष्ट्रपति बनाए । अहिले रास्वपाले बालेन्द्रलाई सामाजिक सञ्जालको प्रधानमन्त्री बनाउँदै छ,' उनले भने, 'विभिन्न तत्वले सामाजिक सञ्जाललाई पैसा हालेर बुस्ट गरेर हाइहुइ गर्दैमा देश बन्दैन, देश चल्दैन । यत्ति कुरा जनताले पक्कै बुझेका छन् ।'

आजको राजनीतिमा बालेनको कुनै योगदान नरहेको उनको टिप्पणी छ । बालेन र रास्वपा मधेस आन्दोलन, जनजाति आन्दोलन, परिवर्तनकारी आन्दोलनबाट स्थापित संघीय गणतन्त्रलाई खारेजी गर्नुपर्छ भन्ने पक्षमा रहेकाले मधेसले विश्वास नगर्ने बताउँछन् ।

बालेनले सार्वजनिक रूपमा कहिल्यै मधेसकेन्द्रित दल र नेताहरूप्रति टीकाटिप्पणी गरेका छैनन् । तर मधेसी नेता बालेनको यति चर्को विरोध किन गरिरहेका छन् ? मधेस मामिलाका जानकार चन्द्रकिशोर झा बालेनप्रतिको क्रेजकै कारण प्रतिस्पर्धी दल र नेताहरू आलोचनामा उत्रिएको बताउँछन् । 'बालेनको लोकप्रियता देखिएकै हो,' उनी भन्छन्, 'मधेसमा त्यो ज्वरो घट्दो छ । बालेनमाथि प्रश्न उठ्न थालेको छ । चुनावका बेला यो सबै स्वाभाविक हो ।'

जेनजी आन्दोलनपछि नयाँ दल आउने धेरैको अपेक्षा थियो । तर आन्दोलनको स्वामित्व लिनेगरी कुनै नयाँ दल आएनन् । बरु काठमाडौं महानगरमा स्वतन्त्र उम्मेदवारी दिएर मेयर जितेका बालेन आफैंले निरन्तर आलोचना गर्दै आएको रास्वपामा प्रवेश गरेर दलीय राजनीतिमा आए । नयाँ दलप्रति आमनागरिकले जुन अपेक्षा राखेका थिए, त्यसअनुसार उम्मेदवार भने नदेखिएको बताउँछन् राजनीतिक विश्लेषक झा । 'नयाँप्रति जुन आकर्षण थियो, चुनावमा त्यस्तो अनुहार देखिएन,' उनी भन्छन्, 'त्यसैले चुनावी लहरको ज्वरो घट्दै छ । उम्मेदवारहरू बालेनलाई निर्वाचन क्षेत्रमा बोलाउन थालेका छन् ।'

काठमाडौंको मेयर हुँदासम्म मधेसी पहिचान लुकाएकाले उनी प्रधानमन्त्री हुँदैमा मधेसको सही प्रतिनिधित्व हुन्छ भन्ने विश्वास आफूलाई नलागेको झाको टिप्पणी छ । 'निर्वाचित हुनु र प्रतिनिधित्व गर्नु भिन्न कुरा हुन्,' उनी भन्छन्, 'बालेन पहाडी बहुल झापाबाट उठ्नु सकारात्मक हो । तर उनले चुनाव जित्दैमा मधेसीको प्रतिनिधित्व हुन्छ भन्न सकिन्न ।'

गत निर्वाचनमा मधेशकेन्द्रित दलमध्ये जसपा र जनमत पार्टी मात्र राष्ट्रिय मान्यता प्राप्त दल बनेका थिए । प्रभु साहले एमाले छोडेर स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित भएका थिए । लोसपा र नागरिक उन्मुक्ति पार्टीले भने थ्रेस होल्ड कटाउन सकेका थिएनन् ।

## मतदाता...

प्रोफाइल विकिपिडिया देखाइएको भन्दै दुईवटा तस्बिर फेसबुकमा राखियो । जसमा उम्मेदवारी दर्ताअघि उनको धर्म क्रिस्चियन र उम्मेदवारी दर्तापछि हिन्दु बनाइएको भन्दै भ्रम छरियो । यद्यपि उनी आफूलाई हिन्दु नै भएको दाबी गर्दै आफूले कहिल्यै धर्म परिवर्तन नगरेको बताउँछन् । नेता वाग्ले क्रिस्चियन भएको भाष्य निर्माण गर्न विकिपिडिया पेजलाई अनधिकृत रूपमा सम्पादन गरेर त्यसको स्क्रिनसटको साहारा लिइएको थियो । आफूविरुद्ध भ्रम फैलाइएको भन्दै वाग्लेले साइबर ब्युरोसमक्ष उजुरी दर्ता गराएका छन् ।

- पछिल्ला केही दिनयता राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले दलितलाई मन्दिर छिर्न दिन नहुने भनेको दाबी गर्दै एउटा पोस्टर सामाजिक सञ्जालमा भाइरल बन्यो । लिङ्देन र गाईको चित्र प्रयोग गर्दै बनाइएको तस्बिरमा 'अब दलितलाई मन्दिर छिर्न दिनु हुँदैन : राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन' लेखिएको थियो । अध्यक्ष राजेन्द्र लिङ्देनले दलित समुदायको सम्बन्धमा बोल्दै नबोलेको र कल्पनासम्म नगरेको विषयलाई सुनियोजित रूपमा प्रचार गरिएको भन्दै स्पष्टीकरण दिनुपरेको छ ।

- त्यसैगरी कलाकार राजेश हमालले नेपाली कम्युनिस्ट पार्टी (नेकपा)को चुनाव चिह्न ताराको प्रचार गरेको जस्तो देखिने गरी फोटो राख्दै पुष्पकमल दाहाल 'प्रचण्ड'को पक्षमा भोट मागेका पोस्ट सामाजिक सञ्जालमा फैलिएका छन् । हमालले लगाएको रातो तारा अंकित निलो रङको क्याप टोपी सम्पादन गरिएको तथ्य जाँचमार्फत पुष्टि भएको छ ।

सोसल मिडियामार्फत भाइरल बनाइएका यी घटना नागरिकलाई कसरी भ्रमित बनाइन्छ भन्ने दरिला उदाहरण हुन् । यस्ता मिथ्या सूचनाले सर्वसाधारणलाई भ्रमित पार्दै आएका छन् । जसले गर्दा सही उम्मेदवार छनोट नहुन सक्छन् । यद्यपि निर्वाचनको सम्मखुमा राजनीतिक दल, तीनका कार्यकर्ता, सहयोगी र समर्थकहरूले मतदातालाई आफ्नो पक्षमा पार्न यस्ता भ्रमपूर्ण सूचना फैलाउने पुरानै चलन हो । तर यसपटक भने कृत्रिम बौद्धिकता (एआई)को व्यापक प्रयोगले गलत सूचना पनि तत्यतथ्यजस्तै लाग्ने भएकाले कुन सही हो कुन मिथ्या सूचना हो ? मतदातालाई छुट्याउन गाह्रो भइरहेको छ । यस्त एआई निर्मित भ्रम फैलाउने काममा नयाँ राजनीतिक शक्तिसमर्थक सामाजिक सञ्जाल प्रयोगकर्ताहरू अगाडि देखिन्छन् ।

पुराना भनिएका राजनीतिक दलका नेताहरूले जनतालाई उही झुटो आश्वासनका भरमा आफ्नो पक्षमा मत बदल्ने प्रयास गरिरहँदा नयाँ भनिएका दल र उम्मेदवारहरूले प्रविधिकै दुरुपयोग गरेर नागरिकमा भ्रम फैलाइरहेका छन् । अघिल्लो निर्वाचनबाट संसद् छिरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता कार्यकर्ता र समर्थक यस्तो क्रियाकलापमा सबै भन्दा बढी सक्रिय रहेको देखिन्छ । तर, नेकपा एमाले, कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीका नेताहरूले विगतका जस्तै झुटा आश्वासन निरन्तरता दिने प्रयासमा छन् ।

झापा क्षेत्र नम्बर ५ बाट उम्मेदवारी दिएका नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आगामी निर्वाचनपछि आफ्नो नेतृत्वमा सरकार बनेपछि स्वदेशमै उत्पादन भएको ग्यास घरघरमा पुर्‍याउने आश्वासन फेरि दोहोर्‍याएका छन् । दैलेख जिल्लामा ग्यास उत्खननको सम्भाव्यता अध्ययन विषय जोडेर उनले बिहीबार घरघरमा ग्यास पुर्‍याउने भनेका हुन् । सोही कुरा उनले २०७२ सालमा प्रधानमन्त्री भएकैबेला भनेका थिए । ओलीको भनाइ थियो, 'मैले अलिकति समय पाएँ भने सिलिन्डरको फेज नै समाप्त पारिदिन्छु । पाइपबाट घरघरका चुलोमा ग्याँस पुर्‍याइदिन्छु । त्यसपछि सिलिन्डर काँधमा बोकेर हिंड्नै पर्दैन ।' जनतालाई बिजुली र खानेपानीसमेत दिन नसकेको सरकारले खाना पकाउने ग्यास नै घरमा पुर्‍याउला भनेर कसैले विश्वास थिएन । त्यसबेला ग्यासको अभावमा दाउरा बालेर खाना पकाइरहेका देशवासीलाई प्रधानमन्त्रीको भाषण उटपट्याङजस्तो लागेको थियो । दशकपछि पनि ओलीले फेरि सोही विषयलाई उठाएर मतदाता लाभ्याउने काम गरेको भन्दै उनको चौतर्फी आलोचना भइरहेको छ । नेताहरूले दिने आश्वासनका सन्दर्भमा कसैले कही भन्न सक्ने अवस्था नरहे पनि सामाजिक सञ्जालमार्फत फैलाउने दुष्प्रचारलाई राक्ने निर्वाचन आयोग, प्रहरी प्रशासनले संयन्त्र बनाएको छ ।

चुनावको समयमा सामाजिक सञ्जालमार्फत प्रवाह हुने मिथ्या सूचनाको निगरानी गरेर कारबाही अघि बढाउने निर्वाचन आयोगले जनाएको छ । 'सामाजिक सञ्जालमा दुष्प्रचार, घृणास्पद अभिव्यक्ति, अपव्याख्या, डिप फेक (गहिरो भ्रम) झुटो साइट वा एकाउन्ट, निन्दा वा मानहानीलगायत विषयमाथि अनुगमन गरी गैरकानुनी कार्यलाई कानुनबमोजिम दण्डित गरिनेछ,' आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले भने । यसका लागि नियामक निकायसँग सहकार्य गर्ने नीति लिइएको उनको भनाइ छ । आयोगमा सूचना सम्प्रेषण तथा समन्वय केन्द्र नै स्थापना गरेर तथ्य जाँचको काम गर्दै आएको छ ।

भ्रामक सन्देश न्यूनीकरणका लागि आयोग, प्रशासन र प्रहरीको साझेदारीमा जिल्ला तहमै संयन्त्र बनाइएको नेपाल प्रहरीका प्रवक्ता अबिनारायण काफ्लेले जानकारी दिए । गलत प्रचारप्रसारलाई न्यूनीकरण गर्न प्रहरीले युएनडिपिको सहयोगमा एआई सफ्टवेयरको उपयोग गर्दै आएको छ । 'यसले सामाजिक सञ्जालमार्फत फैलिने भ्रामक सूचना पहिचान र नियन्त्रण गर्न सहयोग पुर्‍याउनेछ,' प्रवक्ता काफ्लेले मध्यान्हसँग भने, 'प्रहरीकै निगरानीमा आयोगमा राखिएको यो सफ्टवयेरलाई 'ई-मोनिटर प्लस' नाम दिइएको छ । यसले मिस इन्सफरमेसन, फेक इन्फरमेसन, डिपफेकलगायत पहिचान गर्नेछ ।'

## चुनावको...

स्वास्थ्य सेवाको सुरुवात गरिन् । ७० वर्ष वा सोभन्दा माथिका ज्येष्ठ नागरिकलाई घरमै आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रमअन्तर्गत स्वास्थ्य टोली लिएर उनी स्वास्थ्य अवस्था सर्वेक्षण गर्न पुगेकी हुन् । ज्येष्ठ नागरिकलाई घरमै सेवा दिन नर्सिङ कर्मचारी खटाइएका छन् । उनीहरूलाई तालिमपछि स्वास्थ्य परीक्षण गर्ने सामग्री, औषधि र सर्वेक्षण विधिसहित घरघरै पठाइएको छ ।

त्यस्तै, तीनकुने-माइतीघर खण्डमा साइकल लेन विस्तारले पनि यहीबेला तीव्रता पाएको छ । व्यस्त सडक रुटमा साइकल यात्रीलाई सुरक्षित र सहज आवागमनका लागि महानगरले साइकल लेन विस्तारलाई जोड दिएको हो ।

डंगोलले महानगरभित्रका सम्पूर्ण सहकारी संस्थाहरूको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन कार्य औपचारिक रूपमा सुरु गरेकी छन् । उनले महानगरका सहकारी विभागको नियमन क्षेत्रभित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरूको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन कार्य औपचारिक रूपमा सुरु गरेकी छन् ।

निर्वाचन आचारसंहिता २०८२ लागू भइसकेपश्चात् महानगरपालिकाले ७० वर्ष र सो भन्दा माथिका नागरिकलाई घरघरमा गई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सुरु गरेकोबारे निर्वाचन आयोगले महानगरलाई प्रस्ट पार्न भन्दै पत्रसमेत लेखेको छ । महानगरले चालु वर्षको कार्यक्रम र बजेटकै नियमित कार्यक्रम सञ्चालन गरेको भन्दै आचारसंहिता लागू नहुने जवाफ दिइसकेको छ ।

निर्वाचन आचारसंहिता २०८२ को दफा ५ को खण्ड (क) को उपखण्ड (ग) मा 'वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएबाहेकका अन्य कार्यक्रम गर्न वा नयाँ नीति, योजना वा कार्यक्रम घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने तर सरुवा रोगको महामारी वा कुनै काबु बाहिरको परिस्थिति सिर्जना भएमा आयोगको स्वीकृति लिई त्यस्ता कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन' भन्ने व्यवस्था छ ।

डंगोल एमालेकी उदीयमान युवा नेतृ मानिन्छिन् । महानगरमा मेयरका लागि उपनिर्वाचन भए उनी नै उम्मेदवार हुने पक्का छन् । कार्यकालपछि पनि पार्टी र संसदीय राजनीतिमा उनी आउने सम्भावना उस्तै छ । जेनजी आन्दोलनपछि तत्कालीन सत्तासीन दल नेपाली कांग्रेस र नेकपा एमालेप्रति नयाँ पुस्ताको आकर्षण कम भइरहेका बेला युवा नेता डंगोलमार्फत एमालेले जनमत बढाउने रणनीति बनाएको चर्चासमेत हुने गरेको छ । उनको पछिल्लो सक्रियतालाई त्यसैसँग जोडेर हेरिएको छ ।

काठमाडौं महानगरपालिकाका सूचना अधिकारी नुरनिधि न्यौपाने भने कार्यवाहक मेयरको सक्रियता स्वाभाविक र नियमित रहेको भन्दै बचाउ गर्छन् । अहिले महानगरको वार्षिक नीति कार्यक्रमअन्तर्गत काम भइरहेको उनको भनाइ छ । 'महानगरको योजनाअनुसार कार्यक्रम सञ्चालन हुने हो, त्यसबाहेक अन्य कार्यक्रम गतिविधि हुन थाल्यो भने महानगरका ३ हजार कर्मचारी छन् । चुप लागेर त बस्दैनन् होला,' उनले भने, 'एक जना बाहिर जानु र अर्को आउनुले महानगरको काम कारबाहीमा केही फरक पर्दैन ।' महानगरका हरेक कार्यक्रम नगरसभाबाट पास हुन्छ र त्यहीअनुसार गतिविधि भइरहेको उनले बताए ।

## डलरको...

रहेको मलेसियाका अर्थमन्त्री अमिर हमजाह अजिजानले बताएका छन् ।

२०२५ मा रिंगेट स्थिर रहेको थियो । कतिपयले रिंगेटको मूल्यांकन कम गरिएको टिप्पणी गरेका थिए । सन् २०२६ को जनवरीमा इक्विटी र बन्ड बजारमा आएको प्रवाहले रिंगेटलाई बलियो बनाएको हो । अर्थमन्त्री अजिजानले रिंगेट आगामी महिनाहरूमा अझै बलियो बन्ने बताए । २०२६ मा सिंगापुर डलरको तुलनामा मलेसियियन रिंगेट १.७ प्रतिशतले बढेको छ ।

मलेसियाको अर्थतन्त्र अमेरिकी भन्सार शुल्कको विरुद्धमा लचिलो साबित भएको, इलेक्ट्रोनिक्स, डेटा सेन्टर र ऊर्जा संक्रमण परियोजनाहरूमा लगानी प्रवाहका कारण विश्वव्यापी व्यापार विस्तारले मलेसियाको अर्थतन्त्र स्थिर बन्दै दक्षिण-पूर्वी एसियाका अन्य देशभन्दा अगाडि बढिरहेको देखिएको छ । अर्थमन्त्री अजिजानले २०२६ मा मुद्रास्फीति बढ्ने कुनै कारण नदेखिएकाले पनि रिंगेट बलियो अवस्थामा रहने देखिएको बताए ।

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको ६ महिनामा १० खर्ब ६२ अर्ब ९३ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको बताएको छ । पुसमा मात्रै १ खर्ब ९२ अर्ब ६२ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । गत वर्ष पुसमा १ खर्ब २२ अर्ब ४४ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो ।

न्यूनतम तलब वृद्धि र मलेसियन मुद्रासहित अमेरिकी डलरको वृद्धिले मलेसियामा काम गर्ने नेपालीको तलब अघिल्लो वर्षको तुलनामा ३० प्रतिशत बढीले बढ्न पुगेको छ । मलेसियन मुद्रा रिंगेट बलियो बन्दै जाँदा नेपाल आउने रेमिट्यान्स रकममा थप वृद्धि हुने आकलन गरिएको छ ।

## अस्ट्रेलिया...

३५ वर्षीय रुपेश लामिछाने तथा धादिङको खनेबा गाउँपालिका-३ बस्ने ३५ वर्षीय हिरा तामाङ रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए ।

उनले पक्राउ परेकामध्ये लामिछाने अस्ट्रेलिया पठाउने भन्दै नौ लाख तथा तामाङ स्लोभाकिया पठाउने भन्दै आठ लाख ५० हजार लिई विदेश नपठाई सम्पर्कविहीन भएका थिए । पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रवक्ता कार्कीले जानकारी दिए ।

## भुलसुधार

यस दैनिकको वर्ष २४ अंक १५ २०८२ माघ २३ गते शुक्रबार प्रथम पृष्ठमा प्रकाशित 'हेभिवेटका हार' शीर्षकको समाचारमा २०६४ को संविधान सभा निर्वाचनमा माधव नेपाल रौतहट ४ मा माओवादी केन्द्रका देवेन्द्र पटेलबाट पराजित हुनुपर्नेमा अन्यथा भएकाले भुलसुधार गरिएको छ ।

सं.

# ‘नागरिकमा रहेको असन्तुष्टि र आक्रोशको जवाफ सुधारबाटै दिनुपर्छ’

**कास्की/मस–** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नागरिकको असन्तुष्टि र आक्रोसको जवाफ सुधारबाटै दिनुपर्ने बताएका छन्। कांग्रेस कास्कीद्वारा पार्टी कार्यालयमा शुक्रबार आयोजित सभालाई सम्बोधन गर्दै उनले नागरिकहरूमा रहेका सबै असन्तुष्टिको जवाफ दिन जिम्मेवारीअनुसार काम गर्न निर्देशन दिए।

‘नागरिकमा रिस गहिरो छ। राज्यका संस्था, संविधान, अदालत, राजनीतिक दल र नेतृत्वप्रति चरम अविश्वास छ। यसलाई सुधारबाटै जवाफ दिनु आवश्यक छ’ सभापति थापाले भने,‘नागरिकमा अविश्वास बढ्दै गएको छ। चरम निराशा छ। यी सबै कुरालाई आत्मसात गर्दै देशलाई सम्हाल्नु छ। देशलाई निकास दिने शक्तिको रूपमा कांग्रेसले भूमिका खेल्नुपर्छ।’



सभापति थापाले राष्ट्रमा देखिएको निराशाको मुख्य जड भ्रष्टाचार रहेको उल्लेख गर्दै अब भ्रष्टाचारविरुद्धको सबैभन्दा ठूलो योद्धा आफ्नो पार्टी बदलिएर चुनावमा आएको उल्लेख गरे। उनले नेपाललाई विगतमा हिंसाको आहालबाट बाहिर निकालेको कांग्रेसले अब भ्रष्टाचारको आहालबाट देशलाई बाहिर निकाल्ने बताए।

निर्वाचनलाई केन्द्रमा राखेर हरेक मतदाताका घरघरमा पुग्न पार्टीका नेता तथा कार्यकर्तालाई निर्देशन दिँदै सभापति थापाले जनतासँग कुरा गर्नुका समस्यालाई धैर्यताका साथ सुन्नुपर्नेमा जोड दिए। ‘देशका १ सय ६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवार खडा गरी पार्टी निर्वाचनमा होमिएको छ। अब कांग्रेसले देश सम्हाल्छ र सुधार्छ भन्ने सन्देशसहित जनतामाझ जानुपर्छ। सबै पार्टी पङ्क्ति एकताबद्ध भएर निर्वाचनमा होमिऔं’, उनले भने।

# राष्ट्रिय सभाबाट राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विधेयक पारित



**काठमाडौं/मस–** राष्ट्रिय सभाबाट ‘राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१’ पारित भएको छ।

सभाको शुक्रबारको बैठकमा प्रधानमन्त्री एवं शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुशीला कार्कीको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिलकुमार सिन्हाले राखेको उक्त ‘विधेयक पारित गरियोस्’ भन्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको हो।

त्यसअघि बैठकमा प्रधानमन्त्री तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कार्कीका तर्फबाट कानुन मन्त्री सिन्हाले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित उक्त विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए। उक्त प्रस्ताव सभाको सर्वसम्मतिबाट स्वीकृत भएको थियो।

उक्त प्रस्तावमाथिको छलफलमा सांसदहरु डा वेदुराम भुसाल, सुमित्रा विसी र रुक्मिणि कोइरालाले भाग लिएका थिए। सो छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री सिन्हाले अनुसन्धानलगायत विभिन्न आयामलाई सम्बोधन गर्न उक्त ऐनको आवश्यकता भएको स्पष्ट पारे। राष्ट्रिय सभाको अर्को बैठक यही माघ २६ गते सोमबार अपराह्न १:१५ बजे बस्नेछ।

# उदयपुर एक्स्पो सुरु

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २३ माघ




उदयपुरमा शुक्रबारदेखि उदयपुर एक्स्पो २०८२ सुरु भएको छ। त्रियुगा नगरपालिका-गाईघाटस्थित त्रियुगा नदी किनारमा आयोजना गरिएको एक्स्पोको उद्घाटन कोशी प्रदेशका पर्यटन, वन तथा वातावरण मन्त्री भीमप्रसाद पराजुलीले गरेका हुन्।

जिल्ला उद्योग वाणिज्य संघ उदयपुरको आयोजनामा ‘कृषि, वन, पर्यटन, शिक्षा, कला, संस्कृति, उद्योग र व्यापार: उदयपुरको पहिचान, समृद्धिको आधार’ भन्ने मूल नाराका साथ एक्स्पो सञ्चालनमा आएको हो।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री पराजुलीले व्यापार-व्यवसायको प्रवर्धनमा मेला तथा महोत्सवको भूमिका महत्वपूर्ण रहने उल्लेख गर्दै यस्ता कार्यक्रम निरन्तर हुनुपर्ने बताए। व्यापार तथा व्यवसाय चलायमान भएमा आर्थिक समृद्धि स्वतः अगाडि बढ्ने उनको भनाइ थियो। प्रदेश सरकारले आर्थिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले मेला-महोत्सवमा आर्थिक सहयोग गर्दै आएको पनि उनले बताए।

जिल्ला उद्योग वाणिज्य संघ उदयपुरका अध्यक्ष गजेन्द्र भगतका अनुसार एक्स्पोले स्थानीय उत्पादन र परिकारको बजारीकरणमा टेवा पुऱ्याउनुका साथै रोजगारी सिर्जना र आर्थिक विकासमा महत्वपूर्ण योगदान दिनेछ।

फागुन ८ गतेसम्म सञ्चालन हुने एक्स्पोमा १ सय ६० वटा स्टल निर्माण गरिएको छ, जसमध्ये ९ वटा निःशुल्क राखिएका छन्। महोत्सवमा स्थानीय उत्पादन तथा परिकारको प्रदर्शनीसँगै दर्शक आकर्षणका लागि ताजमहल र लन्डन ब्रिज निर्माण गरिएको सेल्फी जोन पार्क तथा जलपरी टनेल समेत राखिएको आयोजकले जनाएको छ।

आचारसंहिता उल्लंघनमा आयोग निर्मम

# २४ दल र उम्मेदवारद्वारा स्पष्टीकरण पेस

**काठमाडौं/मस–** निर्वाचन आयोगले आचारसंहिता उल्लंघनका घटनामा नजरअन्दाज नगर्ने स्पष्ट पारेको छ। शुक्रबार नियमित पत्रकार भेटघाटका क्रममा आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले आयोगले आचारसंहिता पालना गराउन र उल्लंघनकर्ताहरूलाई कारबाहीको दायरामा ल्याउन सक्रियता बढाएको बताएका हुन्।



भट्टराईले पछिल्लो समय जिल्ला तहबाटै उजुरी लिने र फर्स्यौट गर्ने क्रम बढेकाले केन्द्रमा उजुरीको चाप घटेको बताए। आयोगले हालसम्म ३४ वटा राजनीतिक दल र उम्मेदवारलाई स्पष्टीकरण सोधेकोमा २४ वटाबाट जवाफ प्राप्त भइसकेको जानकारी दिएको छ।

भट्टराईकाअनुसार प्राप्त जवाफहरूको अध्ययन गरी केन्द्रीय आचारसंहिता अनुगमन समितिले निर्वाचन कसुर तथा सजाय ऐन बमोजिम आवश्यक कारबाहीको निर्णय लिनेछ। प्रवक्ता भट्टराईले ६३ राजनीतिक दलका ५७ निर्वाचन चिन्हमा कुल ३ हजार १ सय ३५ उम्मेदवारहरू चुनावी प्रतिष्पर्धामा रहेको बताए।

जसमा महिला उम्मेदवारको संख्या १ हजार ७ सय ७२ र पुरुषको संख्या १ हजार ३ सय ६३ रहेको छ। समानुपातिकतर्फ पुरुषको तुलनामा महिलाको संख्या बढी रहेको आयोगको तथ्यांकले देखाएको छ। आयोगले निर्वाचन प्रक्रियालाई थप व्यवस्थित र सुधार गर्न आफूहरू सधैँ तयार रहेको प्रतिबद्धता जनाउँदै आचारसंहिताको पूर्ण पालना गर्न सबै पक्षलाई आग्रह गरेको छ।

दैनिक १३ लाख मतपत्र छपाइ

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि दैनिक १३ लाख मतपत्र छपाइ गरिरहेको छ।

केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले प्रत्यक्ष्यतर्फ कुल दुई करोड तीन लाख थान मतपत्र छपाइ गर्नुपर्नेमा बिहीबार साँझसम्म ८० लाख मतपत्र छपाइ सम्पन्न भएको जानकारी दिए। उनले दिनमा १३ लाखसम्म मतपत्र छपाइ भइरहेको र अबको एक सातामा सबै मतपत्र छपाइ सम्पन्न गरी ‘प्याकिङ’को काम गरिने बताए।

प्रबन्ध निर्देशक पौडेलले भने, ‘केन्द्रले छपाइ सम्पन्न गरेको १० लाख नमूना मतपत्र, निर्वाचन आयोगले विभिन्न ठाउँमा पुऱ्याइसकेको छ। दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र छपाइ गरी ‘प्याकिङ’ सम्पन्न गरिसकेको छ। प्रत्यक्षतर्फको मतपत्र छपाइ यसै महिनामा सम्पन्न गर्छौं।’

# स्रोत नखुलेको ५ लाखसहित एक जना पक्राउ

**रौतहट/मस–** जिल्ला प्रहरी कार्यालय रौतहटले स्रोत नखुलेको करिब पाँच लाख रुपैयाँसहित एक जनालाई पक्राउ गरेको छ। गौर नगरपालिका-३ स्थित सडकखण्डमा गरिएको नियमित सुरक्षा जाँचका क्रममा गौर नगरपालिका-१ निवासी ४४ वर्षीय राकेश प्रसादलाई ४ लाख ९९ हजार रुपैयाँसहित नियन्त्रणमा लिइएको हो।



प्रहरीका अनुसार शुक्रबार बिहान जिल्ला प्रहरी कार्यालयबाट खटिएको विशेष चेकिङ टोलीले गौर भन्सार कार्यालयतर्फबाट बी.पी. चोक आउँदै गरेको बीआर ३० यू ७२४७ नम्बरको भारतीय मोटरसाइकल शंका लागेर रोकी जाँच गरेको थियो। जाँचका क्रममा मोटरसाइकलको लेगार्डमा प्लास्टिकको झोलाभित्र लुकाएर राखिएको नगद फेला परेको प्रहरीले जनाएको छ।

बरामद गरिएको रकमको वैधानिक स्रोत खुलाउन आवश्यक कागजात माग गर्दा चालकले कुनै प्रमाण पेश गर्न नसकेको जिल्ला प्रहरीले जनाएको छ। अवैध हुन्डी वा अन्य गैरकानूनी क्रियाकलापमा प्रयोग हुन सक्ने आशंकामा नगद, मोटरसाइकल र चालकलाई नियन्त्रणमा लिइएको हो।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक विष्णु प्रदीप बस्यालका अनुसार पक्राउ परेका व्यक्ति, बरामद नगद र मोटरसाइकललाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको छ।

सीमावर्ती क्षेत्रमा पछिल्लो समय सुरक्षा निगरानी कडा बनाइएसँगै अवैध रकम र तस्करीका गतिविधि नियन्त्रणमा लिने क्रम तीव्र भएको प्रहरीले जनाएको छ।


**ककनी गाउँपालिका**
**ཀ་ཀ་ནི་ གཱའུ་པཱ་ལི་ཀཱ**
**गाउँकार्यपालिकाको कार्यालय**
रानीपौवा, नुवाकोट
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२४**

यस कार्यालयको प्रथम पटक मिति २०८२/०९/१० गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित शिलबन्दी बोलपत्र आह्वान सम्बन्धि सूचना बमोजिम रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरू मध्ये न्यूनतम् मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्रहरू स्वीकृतिको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आए बमोजिम छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२,३) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील

| बोलपत्र नं | कामको विवरण | बोलपत्रदाताको नाम | ठेगाना | कबोल अङ्क (मु अ क सहित) |
|---|---|---|---|---|
| KRM/NCB/Works-DWS/06/2082/083 | Construction of Okhle Lamatole Khanepani Kakani 04 | M/S Shuvam Construction | Bidur, Nuwakot | NRs. 59,32,662.18 |
| KRM/NCB/Works-DWS/07/2082/083 | Construction of Hilekharka Khanepani Aayojana Kakani 04 | M/S Bhairabi Construction | Bidur, Nuwakot | NRs. 28,77,091.31 |

**प्रमुख प्रशासकीय अधिकृत**



***केराबारी गाउँपालिका***
***गाउँ कार्यपालिकाको कार्यालय***
*केराबारी, मोरङ*
*कोशी प्रदेश, नेपाल*

***बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।***

***(प्रकाशित मितिः २०८२/१०/२३)***

यस कार्यालयको मिति २०८२।०९।१८ गते प्रथम पटक प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको कार्यको लागि निर्धारित समयसिमा भित्र बिद्युतिय प्रणाली मार्फत रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र “न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही” भएकाले सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा १ बमोजिम छनौट गरिएकाले सोही ऐनको उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | ठेक्का नं./कामको विवरण | छनौट गरिएको बोलपत्रदाता | कबोल अंक रु (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| १ | KRMC/MOR/W/ NCB-07(082/083), RCC Pavement of Devitar Sadak KRM-5 | श्री प्रनिश एण्ड प्रसिद्ध प्रा.लि., बुढीगंगा-१, मोरङ | रु. ३६,३६,८१५.९० |

**प्रमुख प्रशासकीय अधिकृत**



**मलेसियामा रोजगार**
कम्पनी : PK AGRO-INDUSTRIAL PRODUCTS SDN. BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः२०८२/१०/२३ चलानी नं.: ६०२५१९५० LT. No.: 338586

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 17 | 0 | स. काममा दक्ष | 1700 | ६२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २ गते (14 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Y.K. MANPOWER AGENCY PVT.LTD.**
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu Tel.: (+977-014599181, 014597116), +977 9801234995.
Govt. Lic. No.: 439/074/075
E-mail: ykmanpoweragency@gmail.com, Web.: www.ykmanpower.com



**साइप्रसमा रोजगार**
कम्पनीः D.I. MAIN-LINE JOB AGENCY शहरः CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/०५/०४ चलानी नं.: ६०२४३५१४ LT. No.: 329714 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONSTRCUTION WORKER | 10 | 0 | सम्बन्धित काममा दक्ष | 750 | १,२७,५८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | RECYCLING WORKER | 5 | 5 | | 750 | १,२७,५८२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ४ गते (16 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. ८०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**BASANTA EMPLOYMENT PVT. LTD.** License No: 1752/081/082
Sinamangal-9, Kathmandu, Nepal, Ph No: +977-1-4534056, +977 9707093404, 9709090813
Email: basantakhadkaofficial@gmail.com, info.basantaemt@gmail.com, Web: www.basantaemployment.com

पुस्तक समीक्षा

# आगो लिएर गाउँगाउँमा पुगेका कवि



■ सुरेन्द्र अस्तफल

कवि जोखिम उठाएर 'वाह !' का पात्र बनेका छन् । संग्रहका अधिकांश कविता हृदयपक्षले पढिने र बुझिने खालका छन् । सामान्य पाठकहरू श्रमणका कविताभित्र आफ्नो न्यानोपन भेट्छन् भने बौद्धिक पाठकहरूले उनका केही कविताहरूमा टाउको दायाँबायाँ हल्लाउन सक्छन् ।

*"जसका लागि*
*चेतनाको झिल्कोले*
*सारा बस्तीलाई*
*बनाउनु छ उज्यालो*
*त्यसैले हिँड्नु छ अब*
*आगो लिएर गाउँ गाउँमा*
*(आगो लिएर गाउँगाउँमा, पृ. १४)*

कवि गणेश श्रमण (२०३०) पचासको दशकदेखि नेपाली काव्यको क्षेत्रमा सक्रिय स्रष्टा हुन् । उनका शब्दहरू अविराम यात्रामा (संयुक्त कविता संग्रह - २०५७), शब्दक्रान्ति (कवितासंग्रह - २०६३), गुलियो काठमाडौं (लघुकथासंग्रह - २०७७) र आगो लिएर गाउँगाउँमा (२०८०) कवितासंग्रह प्रकाशित छन् । शालीन स्वभाव भएका चितवन कविडाँडाका स्रष्टा श्रमण यस पटक कविताको फिलिङ्गो बोकेर गाउँ छिरेका छन् ।

फिनिक्स बुक्स प्रकाशक रहेको यस संग्रहमा गाउँ शीर्षकमा ६ वटा, प्रतिपक्ष शीर्षकमा २१ वटा, प्रकृति शीर्षकमा १२ वटा र अनन्त शीर्षकमा १६ वटा गरी जम्मा ५५ वटा कविताहरू समेटिएका छन् ।

कविता चिन्तन यात्रासँग जोडिएका कवि श्रमण चाहन्छन् कि उनको कविताले वर्तमानसँग संवाद गरोस् । 'कवितामा समाज, कला र जीवन देखियोस् भन्ने चिन्तन राख्छन् । नदीले आफ्नो फैलावट आफैँ बनाएजस्तै, सागरले आफ्नो आयतन आफैँ तय गरेजस्तै, कविताले आफ्नो राजमार्ग आफैँ निर्माण गर्छ भन्ने विश्वास गर्छन् ।' (लेखकका कुरा)

कवि गाउँमा बस्छन् । गाउँ दुब्लाउँदै र सहर मोटाउँदै गएकोमा कविको तीव्र असन्तुष्टि देखिन्छ । सुखको खोजीमा आफू गाउँ नबस्ने अनि गाउँमा बस्नुपर्छ भन्नेहरूप्रति कवि रुष्ट देखिन्छन् । यस खण्डमा गाउँको विकास, गाउँमा जेल हुँदैन, आगो लिएर गाउँगाउँमा जस्ता कविताहरू राखिएका छन् । यस खण्डमा संग्रहीत कविताहरूको मूल स्वर ग्राम्य जीवनप्रतिको स्नेह हो ।

***साक्ष्य १***
*'आफू नै नबसेपछि*
*कसरी हुन्छ त*
*गाउँको विकास*
*हामी सबै झर्यौं*
*तलतल*
*गाउँकै खोला झरेझैँ र*
*थपरियौं सहरमा ।'*
*(गाउँको विकास, पृ. ३)*

प्रतिपक्षी स्वभाव कविको मूल प्रवृत्ति हो । यसो त नेपाली साहित्यमा स्तुतिकविहरू पनि प्रशस्त पाइन्छन् । कविले आफूलाई जिम्मेवार प्रतिपक्षको रूपमा यस संग्रहमा प्रस्तुत गरेका छन् । यस खण्डका कविताहरूमा अस्तित्व, देश कसलाई चाहिन्छ, डमी ट्राफिक, अँध्यारामा काम जस्ता कविताहरू छन् । यस खण्डका अधिकांश कविताहरूमा मानवीय जीवनसँग जोडिएका अस्तित्विक चेतनालाई प्रकट गरेका छन् । कवि विसंगत राजनीतिका अन्तर्तहमा पुगेका छन् । सैद्धान्तिक रूपमा जनता सामु मिठा कुरा गर्ने अनि व्यवहारमा ठीक त्यसको उल्टो कार्यमा प्रवृत्त हुने ढोंगी प्रवृत्तिको कविले यस खण्डका कविताहरूमा उछितो काढेका छन् ।

***साक्ष्य २***
*'झुक्याउनु सबैभन्दा*
*सजिलो काम हो अँध्यारोमा*
*जस्तो कि कुकुरको मासुलाई*
*खसीको भनी बेच्नु*
*सामन्ती सरकारको विरोधस्वरुप*
*दिनहुँ ब्ल्याक आउट हुन्छ*
*अचेल यो सहरमा'*
*(अँध्यारोमा काम, पृ. ४८)*

***साक्ष्य ३***
*'यो सहरमा फोहोरको के कुरा गर्नु*
*सधैँ नाक थुनेर हिँड्नु पर्ने*
*दलाली र नेतामा फरक नभएपछि*
*राजनीति बदनाम भएको हो'*
*(बदनाम, पृ. ७२)*

काव्यको तेस्रो खण्डमा प्रकृति शीर्षकमा कविताहरू राखिएका छन् । डेरा सर्नेहरू, खोइलाको घर, सौन्दर्य, र मौसम जस्ता कविताहरू यस खण्डमा राखिएका छन् । अधिकांश कविताहरूमा प्राकृतिक जीवनप्रतिको आकर्षण पाइन्छ । आफ्नोपनको खोजीको कुरा छ । बाँस र तामाजस्ता बिम्बहरूको माध्यमबाट प्राकृतिकताप्रतिको मोहभाव प्रस्तुत गरिएको छ ।


***साक्ष्य ४***
*'आकाशको पेट*
*कटक्क काटेर गडगडाएजस्तो*
*घरि पानी दरर्र दर्किरहेछ*
*घरि हावा हुइयूय हुइँकिरहेछ'*
*(मौसम, पृ. ९२)*

यस संग्रहको अन्तिम खण्ड अनन्त रहेको छ । यस खण्डमा बोध, निर्वाण, ईश्वर, दुःख र रक्सी, जन्ती जाने घाटहरू जस्ता कविताहरू समाविष्ट छन् । यस खण्डका अधिकांश कविताहरूमा दार्शनिक चेत घनीभूत रूपमा आएको देखिन्छ । सरल भावविन्यासमा कविले आफ्ना जीवनका दृष्टिकोण प्रस्तुत गरेका छन् ।

***साक्ष्य ५***
*'दुःखमा रक्सी मिसिए*
*दुःख अझ गाढा हुन्छ*
*रक्सीमा दुःख मिसिए*
*रक्सी अझ कडा हुन्छ'*
*(दुःख र रक्सी, पृ. १३७)*

***साक्ष्य ६***
*'कविहरूले जन्माइदिए*
*कल्पनामा ईश्वर*
*ईश्वरलाई मानिसले*
*कहाँ कहाँ खोज्छ*
*ईश्वर आफू बाठो भई*
*ढुङ्गा बनी बस्छ'*
